# पर्यटकखोज,उद्धार, उपचार तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः**पदयात्रा, जलयात्रा, पर्वतारोहणतथा अन्य साहसिक पर्यटकीय क्रियाकलापहरुमा पर्यटकलाई पर्नसक्नेप्राकृतिक वाअन्य विपत्तिहरुबाट हुने प्रभावलाई न्यूनीकगरणी खोज, उद्धार तथा उपचार कार्यलाईछिटोछरितो,सहज, सरल, व्यवस्थित, विश्वसनीय, सुरक्षित एवम्मितव्ययी बनाउँदै स्ताय कृयाकलापमा पठाउने आधिकारिक एजेन्सीलाईजिम्मेवार बनाउँदै नेपाल सरकारबाट प्रभावकारी अनुगमन गर्नपर्यटन ऐन, २०३५ को दफा २९ मा भएकोव्यवस्था समेतलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक व्यवस्था गर्नवाञ्छनीय भएकोलेमन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम पर्यटक“खोज,उद्धार उपचार तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७५” रहेको ।छ

(२) यो कार्यविधि तुरून्त लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले ेअिक अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “मन्त्रालय” भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ ।

(ख) “विभाग” भन्नाले पर्यटन विभाग सम्झनु पर्छ ।

(ग) “एजेन्सी” भन्नाले विभागबाटअनुमति प्राप्त ट्रेकिङ, एक्स्पिडिसन, र्‍याफ्टिङ वा यस्तैअन्य साहसिक कृयाकलापसञ्चालन गराउनेकम्पनी सम्झनु पर्छ ।

(घ) “पथप्रदर्शक” भन्नाले पर्यटकलाइपथप्रदर्शन राउनकाग लागि सञ्चालित तालिम लिई नेपाल सरकारबाट प्रमाणपत्र प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्छ ।

(ङ) “पर्यटक” भन्नालेएजेन्सी मार्फतनेपाल सरकारको स्वीकृति लिई पदयात्रा, पर्वतारोहण, जलयात्रा वा अन्य यस्तै साहसिक कृयाकलापमा संलग्न हुने विदेशी वा स्वदेशी नागरिक समेतलाई सम्झनु पर्छ ।

(च) “साहसिक कृयाकलाप” भन्नाले पर्यटकबाट गरिनेपदयात्रा, पर्वतारोहण, जलयात्रा,रक क्लाइम्बिङ, क्यानोनिङ, स्काई डाइभिङ, बन्जी जम्पिङ वा यस्तै अन्य साहसिककृयाकलापलाई सम्झनु पर्छ ।

(छ) “समिति” भन्नालेदफा १० बमोजिम गठन भएकोसमितिलाई सम्झनु पर्छ ।

(ज) “विपत्” भन्नाले पदयात्रा, जलयात्रा,पर्वतारोहणवा यस्तै अन्य साहसिककृयाकलापगर्ने क्रममा हावा, हुरी, भुँमरी, पहिरो, हिमपात, हिमपहिरो,सडक दुर्घटनाआदि जस्ता प्राकृतिक

घटना तथा वन्यजन्तुको आक्रमणमा परी नदीमावा डुब्नु, हराउनु, बेपत्ता हुनु, चोटपटक लागी साहसिक कृयाकलापलाई निरन्तरता दिन नसक्ने अवस्था आउनु लेकवा लागेरवा अन्य कारणलेस्वास्थ्य संकटमा परीउद्धार गर्नु पर्ने अवस्थाकोर्जना सिहुनुलाई सम्झनु पर्छ ।

(भ) “उद्धार” भन्नाले विपतमा परेका पर्यटक, सरदार, पथप्रदर्शक वासहयोगी कामदारलाई मानिस वा गाडी वा बायुसेवा वाहेलिकप्टर लगायतकाउपलब्ध साधनबाट सकेसम्म चाँडो सुरक्षित स्थानमा स्थानानतत्तरण वा उपचारार्थलैजानेकार्य वाप्रक्रियालाई सम्झनु पर्छ ।

३. **इजाजतपत्र नलिईसाहसिक कार्यमा संलग्न गराउनु नहुनेः**(१) विभागबाट इजाजतपत्र नलिई कसैलेपनि पर्यटकलाईसाहसिक कृयाकलापमा संलग्नगर्नवा गराउनुहुँदैन ।

(२) एजेन्सीले पथप्रदर्शक मासाथलगाएर मात्र पर्यटकलाईसाहसिक कृयाकलापमा संलग्न गराउनुपर्नेछ ।

(३) पर्यटकसंग जानेपथप्रदर्शकले सम्बन्धितविषयमा तालिम प्राप्त गरी सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेको हुनुपर्नेछ ।

(४) साहसिक पर्यटकीय कृयाकलापमा संलग्न हुनेपर्यटकले अनिवार्य रुपमामाबि गरेका हुपर्नेछ ।

४. **एजेन्सी तथा पथप्रदर्शककर्तव्यो रदायित्वः** (१) साहसिक कृयाकलापमा संलग्नपर्यटकलाइ सुरक्षित तवरले गन्तव्यमा पुऱ्याउने र फर्काउनेदायित्व सम्बन्धित एजेन्सी र निजले साथ लगाई पठाएको पथप्रदर्शकको हुनेछ ।

(२) पर्यटकहरुबाट साहसिक कृयाकलापसम्वन्धी कार्यहरुसम्पादन हुने क्रममाहुनसक्ने सम्भावित दुर्घटना तथा जोखिमकाबारेमापर्यटकलाईयथेष्टपूर्वजानकारी गराउनुसम्बन्धित एजेन्सीको कर्तव्यछहुने।

(३) साहसिक कृयाकलापसम्वन्धी कार्यहरु सम्पादन हुनेक्रममा हुनसक्नेदुर्घटना तथा जोखिमको पूर्वानुमान गरी न्यूनीसोकरणो गर्ने उचित प्रबन्ध मिलाउनु सम्बन्धित एजेन्सीको दायित्व हुनेछ ।

(४) साहसिक कृयाकलापमा संलग्न पर्यटककोसुविधालाई ध्यानमा राखी प्राथमिक उपचार सामाग्रीको व्यवस्थागर्नु,स्वस्थकर खानपानको व्यवस्था मिलाउनुर बसाइको उचित प्रबन्ध मिलाउनुसम्बन्धित एजेन्सीको कर्तव्य हुनेछ ।

(५) पर्यटकका साथमा जाने पथप्रदर्शकले पर्यटककोसुविधा, स्वास्थ्य तथा सुरक्षा व्यवस्थाप्रति विशेषध्यान पुऱ्याएको हुनुपर्नेछ ।

५. **पर्यटकलाईमर्यादित र सम्मानजनक व्यवहार गर्नुपर्नेः** (१) पर्यटकलाइ सबैलेमर्यादित र सम्मानजनक व्यवहार गर्नुर गराउनुपर्नेछ ।

(२) प्रचलितनेपाल कानूनले बर्जित गरेको व्यवहार कोही कसैले पनिगर्नुपर्यटकसँगर गराउनु दैनहुँ ।

६. **पर्यटकको खोज तथाद्धारःउ** (१) साहसिक कृयाकलापकोक्रममा हुने प्राकृतिक अन्यतथा विपतबाट प्रभावितभई कुनै पर्यटकवासहयोगी कामदार हराएमा वा बेपत्ता भएमातत्काल खोजीगर्नेप्राथमिक दायित्वसम्बन्धित एजेन्सीको हुनेछ ।

(२) उपदफा (१) बमोजिम खोजी गर्न सम्भव नभई छुट्टै खोज तथाद्धारकोउ आवश्यकता परेमाविशेषज्ञव्यक्ति, संघसस्था, एजेन्सी,वायुसेवा वा हेलिकोप्टर लगायतका द्रुत साधनको सहयोगमा खोजी तथा उद्धार कार्यसञ्चालन गर्ने गराउने समेतसोही एजेन्सीको कर्तव्य हुनेछ।

(३) उपदफा (२) बमोजिम खोज तथा द्धारकोउ लागि सहयोगी व्यक्ति,संघ संस्था, एजेन्सी,वायुसेवा वा हेलिकोप्टर कम्पनीहरुको सहयोगको लागि अनुरोधउद्धार **गर**्नुर्दा पर्ने पर्यटकको नाम, राष्ट्रियता, राहदानी नंम्बरवा पहिचान हुन सक्ने अन्य कुनै परिचय खुल्ने कागजात, खोज तथा उद्धार गर्न जाने स्थान वा क्षेत्रको यकिन विवरण समेत खुलाउनु पर्नेछ ।

(४) उद्धारकार्यमा संलग्नवायुसेवा वा हेलिकोप्टरलेउद्धारको क्रममा उद्धार गरिएका पर्यटक, निजका सहयोगी तथा निजहरुको सामान वाहेकसोही उडानमा अन्य यात्रु तथा सामाग्रीहरु ओसारपसार गर्न पाइने छैन ।

७. **उपचार सम्वन्धी व्यवस्थाः** (१) पर्यटकको खोज तथा उद्धार पश्चात्पर्यटक, सरदार, पथप्रदर्शक वा सहयोगी कामदारलाईआवश्यकता अनुसार प्राथमिक उपचारको प्रवन्ध गर्नु पर्नेछ ।

(२) प्राथमिक उपचारपश्चात्थप उपचार आवश्यक देखिएमासो स्थानबाट सबैभन्दा नजिकको सुविधायुक्त अस्पताल वा स्वास्थ्य संस्थामा लगीउपचार गराउनुपर्नेछ ।

तर पर्यटक आफैंले कुनै अस्पताल वा स्थ्यस्व संस्थारोजेको अवस्थामा सोही स्थानमा लगी उपचार गराउन बाधा पर्नेछैन।

(३) उपदफा (२) बमोजिमको अस्पताल वा स्वास्थ्य संस्थामा उपचारगर्न सम्भव नहुने व्यहोरासम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले सिफारिस गरेमा वा सम्बन्धित पर्यटकलेकुनै विशेष अस्पतालकोमाग गरेमा निजलाई उक्तसफारिस वा माग गरेको स्थानको अस्पताल वा स्वास्थ्य संस्थामा लगी उपचार गराउनुपर्नेछ ।

(४) सम्बन्धित स्वास्थ्य संस्थाले उपचारकालागि ल्याइएको पर्यटकलाइदेखिएको स्वास्थ्य समस्या र त्यस्को सम्भावित उपचार खर्चको प्रारम्भिक लागतको विवरणसम्बन्धित एजेन्सीलाईदिनु पर्नेछ।

(५) उद्धार गरी उपचारका लागि ल्याइएका पर्यटकको उपचारमा संलग्न अस्पताल वा स्वास्थ्य संस्थाले स्वास्थ्यतथा जनसंख्यामन्त्रालयको नीति, नियम, मापदण्ड र निर्देशनको प्रतिकूल नहुने गरी जिम्मेवारीपूर्णव्यवसायिकर मर्यादा अनुरुप गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ ।

---

८. **सूचना तथा जानकारीउपलव्ध गराउनेः** (१) सम्वन्धित एजेन्सी क्लैबाटए पर्यटकको खोज तथा उद्धार सम्भव नभई दफा ६ को उपदफा(२) बमोजिम छुट्टैखोज तथा उद्धार गर्नु कापरे अवस्थामा सम्वन्धित एजेन्सीले यथाशिघ्र सोको सूचना पर्यटकतथा प्रहरीपर्यटन विभागलाई अनिवार्य रुपमा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना तथा जानकारीदाँ दिउद्धार गर्नु पर्नेपयककोट नाम, राष्ट्रियता, राहदानी नंम्बरवा अन्य कुनै परिचय खुल्ने परिचय पत्र नंम्वर,खोज तथा

उद्धार गर्न जाने स्थान वा क्षेत्र, सहयोगको लागि अनुरोध गरिएका व्यक्ति,संघ संस्था,एजेन्सी, वायुसेवा वा हेलिकोप्टर कम्पनीहरुए**कि**नो विवरण खुलाउनु पर्नेछ।

(३) पर्यटक प्रहरीलेउपदफा (२) बमोजिमको सूचना प्राप्तगर्नासाथ सोको र्णसम्पू विरण सहितको सूचना शिघ्र राष्ट्रियत विपव्यवस्थापन केन्द्रमासमेतदिनु पर्नेछ ।

(४) सम्वन्धित एजेन्सीले पर्यटकलाईउद्धार गरिएको साधन,उद्धार लागत, उद्धार गरी उपचारका लागि लगिएको अस्पताल वा स्वास्थ्य संस्था र पर्यटकको अवस्थाको जानकारी यथाशिघ्रपर्यटक प्रहरीमार्फतपर्यटन विभागलाई दिनु पर्नेछ ।

(५) पर्यटक उद्धारमा संलग्न भएका सम्पूर्ण वायुसेवा प्रदायक कम्पनीवा हेलिकप्टर कम्पनीहरुलेप्रत्येक सिजन समाप्त भएकोपन्ध्र(१५) दिन भित्र आफूलेउद्धार उडान गरेको संख्या, स्थान तथा भाडा रकम सहितकोविवरण समितिलाईदिनु पर्नेछ ।

(६) उद्धार गरी उपचार गर्न ल्याइएका पर्यटकको उपचारमा संलग्न अस्पताल वा स्वास्थ्य संस्थालेत्यस्तो पर्यटक डिस्चार्ज भएकोपन्ध्र ( १५) दिन भित्र निजको उपचारमा लागेको लागतको विवरणसमितिलाई दिनु पर्नेछ ।

९. **लागत खर्चको दावी तथा भुक्तानी सम्बन्धी व्यवस्थाः** (१) पर्यटकको खोज,द्धारउ तथा उपचारमा संलग्न व्यक्ति, संस्था तथा कम्पनीलेत्यस्तो खोज, उद्धार तथा उपचारमालागेको

सम्पूर्ण लागतकोसक्कल वीजक सहितकोबिवरण भुक्तानीका लागि सम्बन्धित एजेन्सीसमक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम भुक्तानी हुनुपर्नेवाभएकोरकमको सम्बन्धितव्यक्ति, संस्था तथा कम्पनीको सक्कल वीजकसमावेश गरीउक्त विजकहरुका आधारमा बिमा गर्ने कम्पनी समक्ष दावी गर्नेर भुक्तानीको व्यवस्था मिलाउनेकार्यसम्बन्धित एजेन्सीको हुनेछ ।

(३) उद्धार तथा उपचार जस्तो मानवीय कार्यमा पर्यटककोखोजतथा उपचार कार्यको खर्च दावी गर्दा वास्तविक, स्वभाविक तथा उचित रकम मात्रभुक्तानी दावी गर्नु पर्नेछ।

(४) पर्यटककोउद्धार तथा उपचारमा संलग्नव्यक्ति तथा निकायलेस्वभाविक र उचित खर्चमात्र देखाई भुक्तानी दावीपुर्नेछगन ।

(५) बिमा दावी गर्ने एजेन्सीले यसको विवरण मासिक रुपमा समितिलाईबुझाउनु पर्नेछ ।

---

१०. **समिति सम्बन्धी व्यवस्थाः** (१) विपतमा परेका पर्यटकको खोज,द्धार उतथा उपचारसँग सम्बन्धित सम्पूर्ण चरणका कार्यहरुमा शीघ्रता, प्रभावकारिता, औचित्यता र विवेकशीलताका अनुगमन गर्न तथा अन्य सरकारी निकाय, वायुसेवाकम्पनी, निजी कम्पनी, अस्पताल तथा सरोकारवाला अन्य संघ संस्थाहरुसँग समन्वय र जीकरणसह गर्नर उक्त कार्यको नियमन, निर्देशन तथानियन्त्रण समेत गर्नकालागि देहायबमोजिमको एक पर्यटक खोज तथाार उद्ध निर्देशकसमिति रहनेछ,–

| | |
|---|---|
| (क) महानिर्देशक, पर्यटन विभाग | संयोजक |
| (ख) प्रतिनिधि( कम्तीमा रा.प. द्धितीय श्रेणी), गृह मन्त्रालय | सदस्य |
| (ग) प्रतिनिधि( कम्तिमा रा.प. द्धितीय श्रेणी, प्राविधिक, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| (घ) प्रतिनिधि( कम्तिमा निर्देशक,नेपाल पर्यटन बोर्ड | सदस्य |
| (ङ) प्रतिनिधि( कम्तिमा उपनिर्देशक,नेपालनागरिक उड्डयन प्राधिकरणसदस्य | |
| (च) अध्यक्ष, नेपाल पर्वतारोहण संघ | सदस्य |
| (ज) प्रमुख, पर्यटक प्रहरी | सदस्य |

(झ) निर्देशक(पर्वतारोहणशाखा), पर्यटन विभाग सदस्य-सचिव

(२) समितिको सचिवालय पर्यटन विभागमा रहनेछ ।

(३) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) कार्यालय समय बाहेकको समयमा समितिको बैठक बसी कार्य गरेमा नियम बमोजिमको भत्ताविभागबाट उपलव्ध गराइनेछ।

११. **समितिको काम, कर्तव्य र अधिकार**:(१) समितिलेविपतमा परेका पर्यटकको खोज,द्धार उतथा उपचारका सम्बन्धमा सरकारी निकाय, वायुसेवावा हेलिकप्टर कम्पनी, एजेन्सी, अस्पताल तथा सरोकारवाला अन्यव्यक्ति, संघ संस्थाहरुसँग समन्वय र सहजीकरण गर्नेवा गराउनेछ ।

(२) नेपाल नागरिक उड्डयन प्राधिकरण, वायु सेवा संचालक बिमासंघ, कम्पनी तथा सम्वन्धित संघ स्थाहरुसगं समन्वय गरी उडान समय, दूरी, उचाइसमेतका आधारमा उद्धार उडानका लागि बायुसेवा वाहेलिकप्टरहरुको भाडाको अधिकतमसीमा निर्धारण गर्नेवा गराउनेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको भाडादर कार्यान्वयन भए नभएको अनुगमन गर्नेवा गराउनेछ ।

(४) सरोकारवालाहरुले यस कार्यविधिको पालना गरे नगरेको अनुगमन र नियमन गर्ने वा गराउनेछ ।

(५) प्रत्येक सिजन समाप्त भएको १५(पन्ध्र) दिन भित्रमा बायुसेवा वाहेलिकप्टर कम्पनीबाट उद्धार उडानको संख्या, समयावधिर लागत रकमको विवरणआफूसमक्ष पेशगर्न लगाउनेछ ।

(६) उपदफा (५) बमोजिम प्राप्त हुनआएको विवरण नेपाल नागरिक उड्डयन प्राधिकरणको अभिलेखसंग भिडान गर्नेछ ।

(७) उद्धार गरिएका पर्यटकको उपचारमा संलग्न अस्पताल तथा स्वास्थ्य संस्थाबाट उपचार गरिएका पर्यटक तथा निजको उपचारको क्रममा लागेको खर्चकोआफूसमक्षविवरण पेशगर्नलगाउनेछ ।

(८) सम्वन्धित एजेन्सीबाट उद्धार गरिएका पर्यटकको बीमार दावी तथा भुक्तानी भएकोरकमकोविवरण आफूसमक्ष पेशगर्न लगाउनेछ ।

(९) पर्यटकको खोज,उद्धार तथा उपचारको सम्वन्धमा आवश्यकता अनुसार सरोकारवाला निकायहरु तथा एजेन्सीहरुलाई निर्देशन दिनछसक्ने।

(१०) पर्यटकको खोज,उद्धार तथा उपचारको क्रममा आवश्कता अनुसार सुरक्षा निकायको परिचालन गर्न गर्ने सम्बन्धमा आवश्यक समन्वय गर्नेछ ।

(११) यस दफा बमोजिम समितिले संकलन गरेको विवरणप्रत्येक सिजन समाप्त भएको एक महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नेछ ।

(१२) समितिले आफ्नो अन्यकार्यविधि आफैले तय गर्नेछ ।

१२. **निर्देशनको पालना:** विपतमा परेका पर्यटकको खोज,द्धार उतथा उपचारका सम्बन्धमा समितिले समय समयमा दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१३. **विविधः** (१) विदेशीबिमा कम्पनीका नेपालस्थित कुनैपनि एजेन्टलेविपतमा परेका पर्यटकको खोज, उद्धारतथा उपचार सम्बन्धि कुनै काममा संलग्न हुन पाइँदैन ।

(२) मन्त्रालयले पर्यटकको खोज,उद्धार तथा उपचार सम्वन्धी विवरण वार्षिक रुपमा प्रकाशन गर्नेव्यवस्था मिलाउनेछ ।

१३. **कारवाही सम्बन्धी व्यवस्था:** कोही कसैले यस कार्यविधिमा उल्लेखित व्यवस्थाकोउल्लंघन गरेको पाइएमा समितिले प्रचलित कानूनमोजिमब कडा कारवाहीको लागि सम्बन्धित निकायमा लेखीपठाउनु पर्नेछ ।